# येशू अनि सामरी स्त्री-पाकेका खेतहरु

## येशूले हामीलाई आज्ञा गर्नुभयो कि सबै जातिहरुलाई चेला बनाऊ।

नानीहरुलाई सिकाउनेले अध्ययन आर. 5 बी पढ्नु पर्छ।

**प्रार्थनाः** "प्रभु येशू तिरस्कृत मानिसहरु जसलाई हामीले तपाईको सुसमारचार लगेको चाहनुहुन्छ, अनि कसलाई हामीले तिनीहरुकहाँ पठाउनु पर्ने भनि हाम्रा मण्डलीहरुलाई दर्शन दिनुहोस्।

**1. "पाकेको खेतहरु" तपाईको नजिकको समाजलाई हेर्न तपाईको हृदय तयार पार्नुहोस्।**

### येशू अनि सामरी स्त्री



यो घटनाको पृष्ट भूमि जान्नलाई यहून्ना 4:4-26 पढ्नुहोस्।

थोरै विश्वासीहरु भएका जातीहरुलाई येशूले कसरी हेर्नुहुन्छ यहून्ना 4:27-42 पढ्नुहोस्।

**टिप्पणीः** येशू अनि उहाँका चेलाहरु जातीय यहूदीहरु थिए। ती दिनहरुमा यहूदीहरुले सामरीहरुलाई अशुद्ध, अछूतीहरु मान्थे।

यी विवरणहरु पत्तो लगाउनुहोस्।

क) येशूले सामरी स्त्री सित कस्तो व्यवहार गर्नुभयो जसलाई अरुहरुले हेला गर्थे? पद 27 अनि 40 मा।

ख) सामरीहरुलाई कसरी सम्मान दिनु भनि येशुले आफ्ना चेलाहरुलाई बताउनु? पद 35 मा।

ग) सामरीहरुले किन येशूमा विश्वास गरे? पद 41 मा।

उत्तरहरुः

क) उहाँ तिनीहरुसित बात गर्नुभयो, तिनीहरुलाई नम्रताको व्यवहार देखाउनु भयो अनि केहि दिन सम्म तिनीहरुसित बस्नुभयो।

ख) कटनीको निम्ति खेत तयार थियो।

ग) येशूको वचनहरुको कारणले।

अन्य जातीय झुण्डहरुको बारेमा हामीलाई येशूको महान आदेश।

मत्ति 28:16-20 मा खोज्नुहोस्

क) येशूले उहाँको सुसमाचार कहाँ सम्म पुगेको चाहनुहुन्छ पद 18 मा।

ख) हामी विश्वासहरुले कहिले सम्म सुसमाचारलई अन्य जातीय झुण्डहरुमा पुर्‍याउनु पर्छ, पद 20 मा।

[उत्तरहरुः

क) प्रत्येक जातीय समुहहरुमा।

ख) हामीले आफ्नो मानिसहरुलाई गरे झैं तिनीहरुलाई बप्तिस्मा दिनु अनि येशूको आज्ञा पालन गर्न

सिकाउनु।

ग) जगतको अन्त सम्म जब येशू आउनुहनेछ।]

परमेश्वरका जनहरुले सुसमाचार चार जगहरुमा लानपर्छ।

येशुले आफ्ना चेलाहरुलाई जान भनी आज्ञा गरे, प्रेरित 1:6-11 मा पाउनु हुनेछ।

क) नयाँ चेलाहरु बनाउन कहाँबाट शुरु गर्नुपर्छ?

ख) अर्को कहाँ जानपर्छ?

ग) त्यस पछि अरु कहाँ जानपर्छ?



[उत्तरहरु (पद 8 मा)]

क) यरुशलेम हाम्रो आफ्नै शहर अनि जातीय झुण्डलाई मिलाउँदछ।

ख) यहूदा अरु शहरहरु हाम्रो आफ्नै जातीय झुण्ड हो।

ग) सामरीयाले अरु जातीय झुण्ड, नजीकका अनि हाम्रो आफ्नै जस्तो गरी मिलाउँदछन्।

घ) 'संसारको अन्तसम्मन' जस्को अर्थ हुन्छ कुनै पनि राष्ट्रमा त्यागीएका जातीय झुण्डहरु।]

येशुले कुन जातीय झुण्डमा सुसमाचार लैजान चाहनुहुन्छ

**टिप्पणी:** 'अन्यजाती' सम्पूर्ण अ-यहूदी जातीय झूण्डलाई मिलाएका छन्।

रोमी 15:14-21 मा पत्तो लगाउनुहोस्: क) अन्य जातीय झुण्डहरु केले परमेश्वरमा ग्रहणयोग्य बँन्दछ, पद 16 मा।

ख) अन्य जातीय झुण्डहरुलाई चेला बनाउन हामीले शक्ति कहाँबाट पाउँछौं, पद 18 र 19मा।

ग) नयाँ चेलाहरु बनाउनलाई हामी कहाँ जानुपर्छ, पद 20 मा



[उत्तरहरु:

क) पवित्र आत्माले तिनीहरुलाई पवित्र पार्दछ जब तिनीहरुले येशूमा भरोसा गर्दछ। ख) ख्रीष्टबाट अनि पवित्र आत्माबाट।

ख) ख्रीष्टबाट अनि पवित्र आत्माबाट।

**2. आउने सताको निम्ति क्रियाकलापहरु सहकर्मीहरुसित तयार पार्नुहोस। ग) जहाँ मानिसहरुले अझसम्म येशूमा विश्वास गरेका छैनन्।]**

तपाईको बगालको नजीक बस्ने त्यागीएका जातीय झूण्डहरूको पत्तो लगाउनुहोस्।

ती तिरस्कृत भएका मानिसहरुलाई सेवा गर्न अनि तिनीहरुलाई सुसमाचारहरु बाँटनलाई तपाईको मण्डलीले के गर्नु पर्छ त्यस बारे एक साथ प्रार्थना गर्नुहोस्।

जातीय झुण्डमा भएका तिनीहरुको आर्थिक अनि आत्मिक खाँचोहरु जान्न र पुरा गर्न अनि मित्रता

बड़ाउनलाई भ्रमण गर्नुहोस्।

अन्य देशहरुमा त्यागीएको जातीय झुण्डहरुको बारेमा बुझनु होस अनि तिनीहरुको बारेमा मण्डलीलाई अवगत गराउन एक अनुमोदन तयार पार्नुहोस्।

**3. आउने उपासनाको निम्ति सहकर्मीहरु सित योजना बनाउनुहोस्।**

कुवाभा पानी भर्न आएकी साभरी स्त्रीको कथालाई नानीहरूले नाटक गरुन अनि प्रौढ़हरुको निम्ति प्रश्नहरु तयार पारून्।

हप्ता भरी तपाईले के सिक्नु भयो त्यसको अनुमोदन दिनुहोस्।

अवहेलीत जातीय झुण्डहरुको निम्ति अनि कुनै पनि सेवकहरु जो तिनीहरु कहाँ पुग्न चाहन्छन् प्रार्थना गरौं। तपाईको मण्डलीमा प्रेरितहरु दिऊन भनेर पवित्र आत्माको सहायता मांगौं जसलाई तपाईको मण्डली बड़ाउन ती त्यागीएको मानिसहरुका झूण्डमा पठाउन सकौं।

प्रभुभोज परिचय दिंदा यशैया 52:13 53:7 बाट पढ़नुहोस्। प्रभु येशुले प्रत्येक राष्ट्रमा भएको जातीय झुण्डहरुमा उहाँको मुक्ति पुगेको चाहनुहुन्छ अनि जसै हामी प्रभुभोज लिनलाई तयार छौं 1000 जातीय झुण्डहरु प्रत्येक भोजमा सामेल हुन सकुन भनि बुझाउनुहोस्।

यूहन्ना 4:35 कण्डस्थ पार्नुहोस्, जसले हामीलाई पाकेका खेतहरु हेर्नु भन्दछन्।

**प्रार्थना:** "स्वर्गीय पिता, तपाईले हामीलाई येशू दिनु भएको निम्ति धन्यबाद, जो मर्नु भयो अनि हामीलाई बचाउन बौरी उठनुभयो। यो सुसमाचार त्यागीएका अनि अरु जातीय झुण्डहरुमा पुरयाउन हामीलाई मदत गर्नुहोस्।"



# एउटी स्त्रीले येशूलाई एउटा इनारमा भेटगर्दछिन्

नानीहरुलाई निरन्तर साक्षीको निम्ति तयार रहन सिकाउनुहोस्।

## सामरी स्त्री

सामरी स्त्रीको कथा यूहन्ना 4:4-42 बाट ठूला नानी वा प्रौढ़लाई पढ़न वा सुनाउनु लगाउनुहोस्। येशूले भेटन भएका प्रत्येक व्यक्तिलाई कसरी परमेश्वरको प्रेमको सुसमाचार, क्षमाशीलता, अनि अनन्त जीवनको विषयमा, बताउन तयार हुनुहुन्थ्ययो भनि यसले दर्शाउदछ।



**हुन सकछ भने नानीहरुलाई यो चित्र नकल गर्न दिनुहोस् वा रंग भर्न लाउनुहोस्।**

प्रश्नहरु। कथा सुनाए पछि, यी प्रश्नहरु गर्नुहोस्। उत्तरहरु प्रत्येक प्रश्नहरुको पछि पाउनु हुन्छ।

- इनारमा येशू के गर्दै हुनुहुन्थ्यो? [पद 6 हेर्नुहोस्]
- जब येशूले पानी मांग्नू भयो तब त्यो स्त्री किन छक्क परे? [पद 9]
- येशूले त्यस स्त्रीलाई कस्तो किसिमको पानी प्रदान गर्नुभएको थियो? [पद 14]
- परमेश्वरलाई पुज्न मानिसलाई कुनै विशेष स्थान चाँहिन्छ? [पदहरु 21 अति 24]
- येशूले उहाँ को हुनुहुन्छ भनि भन्नुभयो? [पद 26]
- कटनीको लागी खेतहरु तयार छन् भन्नुको अर्थ येशुको के थियो? [उत्तर: येशुको सुसमाचारलाई स्वीर्कान घेरै मानिसहरु तयार छन्, तर पहिले तिनीहरुलाई हामीले बताउनुछ।]

कथाको केहि भागहरु नाटकमा ढाल्नु होस्। यो छोटो नाटक प्रस्तुतगर्न मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाउन। नाटक तयार पार्नमा नानीहरुसित समय बिताउनु होस्। तपाईले सम्पूर्ण भागलाई प्रयोग गर्नु पर्ने छैन।

- ठूला नानीहरु वा प्रौढ़हरुले खेलुन:

  **कथक:** कथालाई छोटकरीमा बताउने अनि नानीहरुलाई तिनीहरुले बौल्न पर्ने वाक्यहरु संझना गराउन मदत गर्ने।

  **येशू:** एउटा इनारलाई प्रतिनिधित्व गर्ने कुनै थोकको छेउमा बस्ने।

  **सामरी स्त्री:** एउटा गाग्री शिरमा बोकने।

  **साना नानीहरुले यी भागहरु गरुन:**

**चेलाहरु भोजनको साथमा**

**सामरीयाका बासिन्दाहरु**

**येशू:** 'इनार' को छेउमा बसेका छन्।

**कथक:** कथाको पहिलो भाग यूहन्ना 4:1-26 देखि बताउनुहोस् भन्नुहोस्, "सुन्नुहोस्, चेलाहरुले के भन्दछन्।"

**चेलाहरु:** "येशू तपाई थाक्नु भएको छ। यात्रा लामो भयो। यो इनारको छेउमा बस्नुहोस् अनि विश्राम लिनुहोस्। हामी सामरीहरुको गाँवामा भोजन लिन जानेछौ।"

**सामरी स्त्री:** गाग्री बोकेर येशू भए तर्फ आउँछिन्।

**येशू:** "मलाई पिउनलाई पानी देऊ।"

**सामरी स्त्री:** छक्क परेको अभिनय गर्ने। भन, "तिमी एक यहूदी हौ। म सामरी आइमाईको हातबाट कसरी पानी पिउनुहुन्छ?"

**येशू:** "म तिमीलाई त्यो जीउँदो पानी दिन सकछु जसले पिउँदछ त्यो कहिल्यै तिर्खाउनेछैन्।"

**सामरी स्त्री:** छक्क पर्दै। भन्दछ, "तपाईले त्यो कसरी गर्न सक्नुहुन्छ।"

**येशू:** "म मसीह हूँ, परमेश्वरबाट चुनिएको।"

**कथक:** कथाको दोस्रो भाग यूहन्ना 4:27-38 देखि बताउनुहोस्। त्यसपछि भन्नोस्, "सुन्नुहोस्, चेलाहरुले के भन्दछन्।"

**चेलाहरु:** "हरे त! येशुसित त्यो स्त्री को हो? उसले आफ्नो गाग्रा छोड़ेर गाँव तर्फ जाँदैछिन्। तिनी अति उत्ताउला देखिन्छिन्! लिनुहोस् येशू, केहि भोजन छ।"

**येशू:** "मेरो बेग्लै भोजन छन्। मेरो भोजन मानिसहरुलाई परमेश्वर चिनाउनु हो। सुसमाचार सुनाउनलाई निरन्तर तयार बस।"

**कथक:** कथाको तेस्रो भाग यूहन्ना 4:39-42 देखि सुनाउनुहोस्। अनि भन्नोस्, "सुन्नुहोस् सामरी स्त्रीले के भन्दछिन्।"


**सामरी स्त्री:** सामरीहरुलाई भन, जो एक कुनामा खड़ा छन्, "आऊ ती मानिसलाई हेर। तिनले मैले गरेका सबै कुरा बताई दिए। के उहाँ परमेश्वरको एक चुनिएको हुनहुन्न?

**सामरीहरु:** "हामी जाऊँ र तिनलाई हेरौं।" "हामी पनि तिनलाई विश्वास गर्छौं।"

**कथक:** नाटकमा सहयोग दिने सबैलाई धन्यवाद टक्रयाउनु।

यदि नानीहरुले यो नाटक प्रौढ़हरुलाई देखाउँछन् भने माथिका प्रश्नहरु पनि सोध्न लगाउनु होस्। कथकले पनि सोध्न सक्नुहुन्छ, "मानिसहरुको अरु के उदाहरणहरु हुन सक्छन् जसले येशुलाई उत्तर दिएका छन्, जब कि हामीले आशानै गरेका थिएनौं (मानिसहरुलाई उदाहरण दिन लाउनु होस।)

**पावल-तिमोथी बालकहरुको अध्ययन सेवाहरु आर. 5 बी.**



**एउटा इनारको चित्र बनाउनु होस्।** नानीहरुलाई नकल गर्न लगाउनुहोस्। तिनीहरुले यो चित्रलाई आउँदो सभमा प्रोढ़हरुलाई देखाउन अनि त्यस बारे बुझाउन। परमेश्वरले उहाँको जीउँदो पानी ग्रहण गर्न चाहने जो सुकैलाई पनि बाड़न हामीलाई तयार भएको चाहनु हुन्छ।

**कलस्सी 4:3** कण्ठस्थ पार्नुहोस्।

**कविता सुनाउनुहोस्ः** चार जना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 19:1-4 सुनाउन्। तिनीहरुले प्रौढ़हरुलाई सुनाए पनि हुन्छ।

**प्रार्थनाः** प्रभु, हामी खुशि छौं किनभने हामी तपाईलाई जहींकहीं पुज्न सक्दछौं।। तपाईले सबै भाषा-भाषी अनि संस्कृतीक मानिसहरुलाई प्रेम गर्नु हुन्छ। तपाईलाई धन्यवाद किनभने तपाईको सुसमाचार सारा राष्ट्रहरुको मानिसहरुलाई पुर्याउनु हामीलाई पठाउनु भएकोछ। हाम्रा वरिपरीका मानिसहरुले तपाईको सुसमाचारहरु ग्रहण गर्न तयार छन् भनि याद गर्नलाई मदत गर्नुहोस्। तिनीहरुलाई सुसमाचार बताउनको निम्ति हामीलाई विश्वासी हुनमा मदत गर्नु होस्।

# बर्णबास अनि पावलले गरे झै प्रभुको सेवा एक दलमा गर्ने

नानीहरुलाई सिकाउनेले अध्ययन टि. 2 बी. पढ्न पर्छ।

**प्रार्थना:** "प्रिय प्रभु, येशू अनि उहाँका प्रेरितहरुले गरे झैं विश्वास गर्नेहरु एक दलभएर काम गर्ने हाम्रो प्रयासमा मदत गर्नुहोस्।"

परमेश्वरले दिनुभएको विश्वासीहरुको योग्यता अनि स्थानीय रिवाज अनि तपाईको बगालको बर्तमान खाँचोहरुमा मिल्दो क्रियाकलापहरु चुन्नुहोस्।

## 1. झुण्डहरुमा मिलेर सेवागर्ने विश्वासीहरुलाई मदत पुरयाउनु परमेश्वरको वचन सित तयारी गर्नुहोस्।

### 1 क ) बर्णबास एक दल कार्यकर्ता थिए।

बर्णबासले अरु मानिसहरुको खाँचोहरु याद गर्दथिए, अनि मानिसहरुलाई एउटा दलमा कामगर्नलाई बटुल्द थिए। खाँचोमा परेका मानिसहरुको निम्ति तिनले कुन कुरो प्रबन्ध गर्थे प्रेरित 4:34-37 मा पाउनु हुनेछ।

यरुशलेममा पावललाई एकसंगी कार्यकर्ताको रुपमा ग्रहण गर्नलाई तिनले विश्वासीहरुलाई कसरी मदत गरे प्रेरित 9:26-29 मा पत्तो लगाउनुहोस्।

बर्णबासका दुइ दलका सदस्यहरु को को थिए जसलाई एन्टिओकका मण्डलीले पठाएका थिए।



प्रेरितहरु साधारणत: जोड़ा वा सानो दलहरुमा यात्रा गर्दथे।

### 1ख ) धर्मशास्त्रमा दलकार्य अनि व्यक्तिगत् प्रयास

मोशा इस्राएलको कुलहरुका ठूला बड़ाहरुसित नजिकमा रहेर कामगर्थे; अनि परमेश्वरले तिनलाई शक्तिको साथमा प्रयोग गर्नुभयो। तैपनि, जब तिनले अरु ठूला बड़ाहरुको सहयोग विना एकलै कामगरे, तिनलाई मानिसहरुले दिक्क पारे अनि रिसले चटानलाई हिर्काए जसबाट परमेश्वरले पानी निकाल्न प्रतिज्ञा गरेका थिए (गन्ती 20:2-12) परमेश्वरले तिनलाई दण्ड दिनुभयो।

दाऊद राजा सिपाहीहरु, पुजारीहरु अनि अगमवक्ताहरुसित मिलेर काम गर्दथे, अनि परमेश्वरले तिनलाई शक्तिपूर्वक प्रयोग गर्नुभयो। एकलै कामगर्दा तिनले उरियाहको जीवन अनि स्वास्नी लिए यसैले तिनलाई परमेश्वरले दण्ड दिनुभयो (2 शमूएल, 11-12 अध्याय)। एकलै काम गर्दा,तिनले उत्तर अनि दक्षिणका संयुक्त राज्यको शक्ति दाँज्नलाई सेनाहरुको उमेर अनुसार मानिसहरुको संख्या को गणना मुर्खता गरेर लिए यसैले परमेश्वरले तिनलाई दण्डदिए (2 शमूएल 24)

## पावल-तिमोथी गोठालाको अध्ययन विशेष कामहरु टि. 2 ए.

राजा यहोशापातले निर्णय लिनलाई इस्राएलमा भएका परमेश्वरको अगमवक्तहरुको राय लिन्थे। तिनले गाँवहरुमा परमेश्वरको वचन सिकाउनलाई अधिकारीहरूलाई दलको रुपमा पठाउँथे (2 इतिहास 17:7-9)। तैपनि, अरु राजाहरुले एकलै काम गरेर मुर्ख निर्णयहरु लिन्थे, जस्तै, आहाबले यहोशापातलाई भने कि तिनले युद्धको समयमा आफनो तदरुपता लुकाउनु चाहन्थ्यो (1 राजा 22:30-38)। तिनी लज्जाजनक मृत्यु मरे।

अगमवक्ता एलिशा साधारणतः तिनले प्रशिक्षण दिएका अगमवक्ताहरुको झुण्डमा मिलेर काम गर्दथे। तैपनि, जब दुष्ट रानी जिजाबेल बाट अनी भाग्दै थिए, तिनले मुर्खता गरेर आफ्नो नोकरलाई छाड़ी राखे अनि एकलै गए। तिनलाई दु:ख लाग्न थाले अनि तिनले आफ्नो मृत्युको निम्ति परमेश्वरलाई बिन्ती गरे (2 राजा 19)।

येशुले बाह्र कार्यकर्ताहरुको एकमतको दल बनाउन भयो, ती मध्येमा पछिबाट पत्रुस नेता बनें। येशुलाई पक्रे पछि तिनीहरु यता उती छरिए। तिनीहरु देखि अलग भएर, पत्रुसले येशुलाई इन्कार गरे (मर्कूस 14:66-72)

पावल झयालखानमा बाहेक अरु कार्यकर्ताहरु सित यात्रा गरे जब तिनको मित्र तितस अनुपस्थित थिए, तिनी दु:खित थिए (2 कोरिन्थी) 2:12-13)। जब तितसले पछिबाट कार्य झूण्डमा सामेल भए तिनलाई चैन मिल्यो (2 कोरिन्थी 7:5-7)।

येशू अनि प्रेरितहरुले साधारणतः एकलै काम गरेनन्, बरु अस्थायी दलहरु बनाए।

- दलहरु निर्दिष्ट कामगर्ने झुण्डहरु थिए, एक विशेष कार्यमाथि एकाग्र गर्थे।
- काम सिध्याए पछि, तिनीहरु गईहाल्थे, प्राय: विभिन्न दल सदस्यहरुसित फेरि काम गर्नलाई।
- तिनीहरुले दल सदस्यहरुलाई तालीम दिन्थे, अनि तिनीहरुलाई आ आफनै दलहरु बनाउन लगाऊथे।

### 1ग) एन्टिओकका दल (बर्णबास, पावल अनि, केहि समयको निम्ति यूहन्ना मर्कूस)

एक मतमा विशेष काम गर्ने झूण्ड कसरी बनिए अनि तिनीहरुले के गरे, प्रेरित 13 अनि 14 अध्याय पढ़नुहोस्।

- एन्टिओकको मण्डली एउटा प्रचारकहरु पठाउने मण्डली हुनमा परमेश्वरले कस्तो मदत गर्नु भयो, प्रेरित 13:1-3 मा पाउनु हुन्छ।
- भिन्दा-भिन्दै मानिसहरु जसले कामगर्ने झूण्डलाई अनि परिणामहरुलाई विरोध गर्थे, प्रेरित 13 अनि 14 अध्यायमा पाउनुहुन्छ।
- कार्य झुण्डले नयाँ मण्डलीहरुमा अगुवाहरु कसरी बनाउथे प्रेरित 14 अध्यायमा पाउनुहुन्छ।
- तिनीहरुलाई पठाउने मण्डलीलाई भई रहेको घटनाहरूलाई कसरी अवगत गराउथे, प्रेरित 14:26-28 मा पाउनुहुन्छ।

### 2. साता भरी एक साथ काम गर्ने दलहरु बनाउनलाई सहकर्मीहरु सित योजना गर्नुहोस्।

- एफिसी 4:11-12 मा प्रतिज्ञा गरे झै परमेश्वरले तपाईलाई दिनुभएको मण्डलीले प्रेरितहरुझै सेवा गर्नलाई कार्यकर्ताहरुलाई तयार पार्न प्रार्थना गर्नुहोस्।
- बर्णबास जस्तो तपाईहरुमाँझ को को छन् जसले पावललाई शुरु गर्नमा मदत गरे अनि तिनको मण्डलीलाई एउटा पठाउने मण्डली बनाउनुमा सहायता पुरयाए, तपाईको सहकर्मीहरु सित निर्णय गर्नुहोस्। तिनीहरुमाथि हात राखेर प्रार्थना गर्नुहोस्।

- अरु मण्डलीहरुका निर्दिष्ट कामगर्ने दलहरुसित मिलेर काम गर्नुहोस्।
- गोठालाको कथा किताब अनुसार नयाँ मण्डली रोपकहरुलाई तालीम दिनुहोस् (पावल तिमोथी अगुवाको प्रशिक्षण)।

**3. आउँदो उपासनाको निम्ति सह कर्मीहरुसित योजना गर्नुहोस्।**

बर्णबासको चरित्र व्याखा गर्नुहोस्, अनि परमेश्वरले तिनलाई दल बनाउनमा कसरी प्रयोग गर्नुभयो (भाग 1 क माथि)।

दलकार्यलाई एकलो प्रयाससित दजाउँनु होस्। (भाग-1 ख माथि)।

एन्टिओकको दल कसरी बनिए अनि यसले के गरे, त्यसमाथि एउटा छोटो नाटक गर्नुहोस् वा सुनाउनुहोस् (भाग 1 ग माथि)।

येशूको बारेमा अरुलाई सुनाउन तपाईको समाजदेखि हालैमा बाहिर गएका वा नयाँ मण्डली शुरुवात गर्नलाई गएका कुनै कार्यझुण्डको प्रतिवेदन सुनाउनुहोस्।

नानीहरुले तयार पारेका विषयहरुलाई प्रस्तुत गर्न लगाउनुहोस्।

हप्ता भर गरिने क्रियाकलापहरुको योजना सुचित गर्नुहोस् (भाग 2 माथि)।

प्रभुभोज मान्न अघि, प्रत्येकलाई तिनीहरुको पापहरु परमेश्वरलाई गुप्तमा स्वीकार गर्न लगाउनु होस्। अनि कसैले गन्ती 9:1-14 मा भएको कथालाई भनि दिऊन र पौरानिक इस्राएलका मानिसहरुको निम्ति निस्तार चाड़ प्रभुभोज सित मेल खाँदछ भनि बुझाउनुहोस्।

**प्रार्थना** गर्नु, आश्वासन दिनु, सल्लाह दिनु वा एउटाले अर्कोलाई सच्याउनलाई दुइ वा तीन व्यक्तिहरुको झूण्डहरु बनाउनुहोस मण्डली रोप्ने दलहरुका निम्ति, जो तपाईसित छन् वा हुनेछन् प्रार्थना गर्नुहोस्।

हितोपदेश 11:14 **कण्डस्थ** पार्नुहोस्।




पावल अनि बर्णबासले यूहन्ना मर्कूसलाई तिनीहरुको पहिलो सेवकाईको यात्रामा सम्मिलित हुनलाई स्वागत गरे।

# एक दलले एउटा रोमी सैनिक अधिकारी अनि तिनका मित्रहरुलाई येशूलाई चिनाउनमा मदत गरे

नानीहरुको यी क्रियाकलापहरुबाट कुनै पनि चुन्नुहोस्।

**प्रार्थनाः** "प्रिय प्रभु, हाम्रा नानीहरुले एक साथ काम गर्न, जसै तिनीहरुले तपाई अनि अरु मानिसहरुको पनि सेवा गर्दछन्। एकार्कालाई पनि प्रेममा सहायता दिनलाई मदत गर्नुहोस्।

कर्निलियस जसले रोमी सैन्य दललाई अगुवा गर्दथे तिनको बारेमा प्रेरित 10 अध्याय देखि ठूला नानी वा शिक्षकले पढ़िदिऊन वा सुनाउन्। यस कथाले पावल अनि तिनका सहकर्मीहरुले कसरी जोप्पा देखि अन्यजातिहरुको पहिलो मण्डली शुरु गर्नलाई एक साथ काम गरे भनि बताउँदछ। कथा सुनाए पछि, यी प्रश्नहरु गर्नुहोस् [उत्तरहरु हरएक प्रश्नको पछि पाउनुहुन्छ।]

- कर्नीलियस कस्तो किसिमका मानिस थिए [पद 2 हेर्नुहोस्]
- येशुको बारेमा भन्नलाई पत्रुससित जाने दल सदस्यहरु को थिए? [पद 23]
- सपना द्वारा परमेश्वरले पत्रुसलाई अन्यजातीहरु प्रति तिनको आचरण बारे के सिकाउन भयो? [पद 28 हेर्नुहोस्]
- सुसमाचार सुन्नलाई कर्नीलियससित कसले पर्खिरहेका थिए? [थिए 24 हेर्नुहोस्]
- कर्नीलियस अनि तिनका झुण्डमाथि पवित्र आत्मा कति चाँड़ो ओर्लेका थिए।
- तिनीहरुले कति चाँड़ै बप्तिस्मा लिएका थिए [पद 48 हेर्नुहोस्]



पत्रुस अनि कर्नीलियसको कथामा आधारित प्रेरित 10 अध्याय बाट-नाटक गर्नुहोस्।"

- नानीहरुले यस नाटकलाई प्रस्तुत गर्नमा मण्डलीका अगुवाहरुसित प्रबन्ध मिलाउनुहोस्।
- नाटकको सम्पूर्ण भागहरु तपाईले गर्नु पैर्दन।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनु होस्।
- साना नानीहरुलाई तयार पार्न ठूलाहरुले सहयोग गरुन।
- ठूला नानीहरु अनि प्रौढ़हरुले कथक, कर्नीलियस, पत्रुस अनि परमेश्वरको आवाजको भागहरु खेलिदिऊन। परमेश्वरको आवाजले एउटा पूड्डाएको च्यादर पक्रेर राखुन।
- साना नानीहरुले पत्रुसको सपनामा भएको पशुहरु, विश्वासीहरु, अनि दुई सिपाहीको पाठ गरुन्। भालाको प्रतिनिधित्व गर्नलाई सिपाहीहरुले लाभो लाठी लिनुहोस्।
- नाटकलाई हेर्ने मानिसहरु कर्नीलियसको मित्रहरु बनुन्।

**कथकः** कथाको पहिलो भाग प्रेरित 10:1-8 बाट सुनाउनु होस्। त्यसपछि भन्नोस् "कर्नीलियस शान्तभावमा प्रार्थना गरिरहेछन्। सुन्नुहोस् परमेश्वरले के भन्नुहुन्छ।"

**परमेश्वरको आवाजः** "कर्नीलियस मैले तेरो प्रार्थना सुने तैले मलाई सेवा गरेको देखेको छु। जाउ अनि मेरो सेवक पत्रुसको पत्ता लगाउ।"

**कथकः** कथाको दोस्रो भाग प्रेरित 10:9-23 देखि सुनाउनु होस्। त्यस पछि भन्नोस्, "पत्रुस शान्तभावमा प्रार्थना गरिहेका छन्।, सुन्नुहोस्, परमेश्वरले तिनलाई के भन्नुहुन्छ।"

**परमेश्वरको आवाजः** सबैले देख्ने गरी च्यादर पक्रनु होस्। त्यसपछि च्यादरलाई भूईंमा फैलाउनुहोस्। त्यसपछि भन्नुहोस्। "पत्रुस म जाँन्दछु तिमी भोकाएका छौ। यी पशुहरुलाई मारेर खाऊ।"

**पशुहरुः** च्यादरको वरिपरी हिंड्दछन्, (हात र घुँडाको सहायताले) कत्तिले सुंगुरहरुको आवाज जोड् सित निकाल्नु। अरुले साँप जस्तै हिंस्स हिंस्स गर्नु।

**पत्रुसः** "म सक्दिन प्रभु! यो सर्प अनि सुंगुर खायौं भने हाम्रो यहूदीहरुको रिती रिवाजलाई तोड्ने छौं।"

**परमेश्वरको आवाजः** "जसलाई मैले शुद्ध पारेको छु त्यसलाई तिमीले अशुद्ध नतुल्याउ। मार अनि खाऊ।"

**पत्रुस अनि परमश्वेरको आवाजः** पत्रुसले अशुद्ध मासु खान सक्दिन भनी दुई पलट अझै भन्दछ, अनि प्रत्येक पल्ट परमेश्वरको आवाजले उत्तर दिंदछन् "मैले नै पशुहरुलाई शुद्ध पारेकोछु, भार अनि खाउ।"

**सिपाहीहरुः** पत्रुस कहाँ जाँदछन् अनि भन्दछ, "कर्नीलियसको घरमा आउनुहोस् जो सिजरियाको शहरमा छ।"

**पत्रुस** "कर्नीलियस जस्तो अन्यजातीको घरमा पस्नलाई मेरो सांस्कृतीले प्रतिबन्ध लगाएता पनि परमेश्वरले मलाई तिमीहरुसित जान भन्नु भएकोछ। मित्रहरू आउनु होस अनि आजको रात यही बिताउनुहोस्।"

**विश्वासीहरु** "पत्रुस हामीले पनि येशुमा विश्वास गरेका छौ, हामीलाई पनि तपाईसित सिजरियामा गएर तपाईलाई मदत गर्न दिनुहोस्।"

**कथकः** कथाको तेस्रो भाग प्रेरित 10:24-48 देखि बताउनुहोस्। त्यसपछि भन्नुहोस्, "तपाईहरु जत्तिले यो नाटक हेर्दैहुनु हुन्छ कर्नीलियस अनि मित्रहरुको प्रतिनिधित्व गरीदिनुहोस्। सुन्नुहोस्, पत्रुसले के भन्दछ।"


**पत्रुसः** "कर्नीलियस, तिमीलाई येशूको बारेमा भन्नलाई हामीलाई लिन पाठायौ। परमेश्वरले मलाई सपनामा देखाउनु भयो कि उहाँले तिमीलाई अनि तिम्रो सांस्कृतीलाई ग्रहणगर्नु भएकोछ। येशु तिमीहरुलाई बचाउन भनी मर्नु भयो अनि मरेर बौरी उठनु भयो।"

**कर्नीलियसः** पवित्र आत्माले हामीलाई निश्चय गराउन भयो कि हामी पापीहरु हौं अनि हामीलाई येशूको खाँचोछ।"

**पत्रुसः** कर्नीलियसको मित्रहरुलाई औंल्याउँदै (नाटक हेर्ने सबै मानिसहरुलाई)। भन्नुहोस् "हेर्नुहोस्, भाइहरु तिनीहरुले पवित्र आत्मा पाएका छन्। अब तिनीहरुलाई बप्तिस्मा दिऔं।"

**कथक वा ठूलो नानीः** सहायता दिने सबैलाई धन्यवाद दिनुहोस्।

यदि नानीहरुले नाटक प्रौढ़हरुलाई देखाउछन् भनें, तिनीहरुले माथि सुचित गरेका प्रश्नहरु प्रौढ़हरुलाई सोघुन।



सुँगरको एउटा चित्र कोर्नुहोस्। यसलाई नानीहरुले नकल गरेर अर्को उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन् परमेश्वरले सबै संस्कृतीका मानिसहरु बचाइएको हुनलाई बोलाउन भएको छ, तिनीहरुले के खान्छन् केहि छैन् भनि यो उदाहरण दिएर नानीहरुले बुझाउन सक्छन्।

अन्य संस्कृतीहरु बारे कठिन कुराहरु वा येशूको जात बारे कुरा गर्न कठिनपर्ने अरू उदाहरणहरु

नानीहरुलाई सोध्नु होस्। नानीहरुलाई उदाहरण दिनु लगाउनुहोस्।

ठूला नानीहरुले रोमी सिपाहीको चित्र बनाउन (यो अध्ययनको पहिलो पृष्टमा हेर्नुहोस्) त्यसले यो याद दिलाउन सकोस् कि कर्नीलियस एक अलस मानिस, जसले विश्वास गरे, अनि तिनका मित्रहरुलाई येशूको बारेमा सुन्नलाई मदत गरे।

2 इतिहास 16:9 कण्ठस्थ पार्नुहोस (पहिलो भाग): जसका हृदय उहाँ प्रति भक्तछन् तिनीहरुलाई सहायता र सान्तवना दिन सारा पृथ्वी भरिनै परमप्रभुको दृष्टि रहिरहन्छ।

**कविता:** चार नानीहरुले एक एक पद गरी भजन संग्रह 67:1, 2, 3 र 4 सुनाउन्।

हामीले अरुलाई येशूको बारेमा बताउनलाई: एक साथ मिलेर कसरी काम गर्न सकछौं त्यसबारे ठूला नानीहरुलाई कविता, गीत वा छोटों नाटक लेख्न लगाउनुहोस्।

**प्रार्थना:** "प्रभु, तपाईले सात राष्ट्रहरुका मानिसहरुलाई पाप अनि मृत्यु देखि बचाउन भएको निम्ति हामी तपाईको प्रशंसा गर्दछौं। तिनीहरुलाई येशूको बारेमा बताउँन, प्रेम गर्न, त्यति मात्र होइन यदि तिनीहरु विभिन्न संस्कृतीकाहरु भए पनि, हामीलाई मदत गर्नुहोस्।"

# पावल अनि बर्णबासले विभिन्न संस्कृतिकहरु बीच काम गरे

अन्य संस्कृतिहरुको मानिसहरुबाट मण्डली शुरुगर्नलाई परमेश्वरले कोहि कामगर्नेहरु पठाउनु हुन्छ।

जसले नानीहरुलाई सिकाउछन् अध्ययन टि. 4 वी. पढ्नु पर्छ।

## 1. संस्कृतिको बिचमा काम गर्ने कार्यकर्ताहरु पठाउनलाई वचन अनि प्रार्थना सहित तपाईको हृदयलाई तयार पार्नुहोस्

**प्रार्थनाः** "प्रभु हाम्रा मण्डलीहरुमा तपाईले प्रेरितहरु दिनु भएकोछ। अन्य संस्कृतिका मानिसहरुलाई प्रेम गर्न अनि तिनीहरु माझ तपाईको काम गर्नलाई तिनीहरु र हामीलाई सिकाउनु होस्।"

**पृष्टभूमि।** बाइबलमा अ यहूदी जाती मानिसहरुलाई अन्यजाती भन्दछन्। पूरानो नियम अनि नयाँ नियम दुवैले प्रतिज्ञा दिएका छन् कि संसारका सबै अन्यजीतीहरुले येशूको बारेमा सुसमाचार सुन्नेछन्।

हामीले यदि अरु मानिसहरुका संस्कृतिलाई बुझन सकेनौं भनें के हुन सकछ, प्रेरित 14:8-14 मा पाउनु हुन्छ।



लाइकाओनियाकाहरुले पावल अनि बर्णबासलाई ईश्वर झैं पुज्नलाई बलिपूजा गर्ने प्रयास गरे।

- पावल अनि बर्णबासले परमेश्वरको कस्तो शक्ति देखाए? (14:8-10)
- लङ्गड़ा मानिस निको हुंदा लाइकाओनियाहरुले कसलाई सम्झे (11-12)
- मानिसहरुले पावल अनि बर्णबासलाई के गर्न चाहन्थे (13)
- पावल र बर्णबासले तिनीहरुलाई के सम्झाँउन परेको थियो (14-15)

परमेश्वरको कहिल्यै नबदलीने उद्देश्य सबै मानिसहरुको झुण्डको निम्ति (राष्ट्रहरु, जातीहरु वा सांस्कृतीहरु) उत्पत्ती 12:14 मा पाउनु हुन्छ। (उत्तरहरु प्रत्येक प्रश्नहरुको पछि छन्।)

- परमेश्वरले अब्राहमलाई कहाँ जानु भनी भन्नुभयो। (पद-1)
- अब्राहम त्यहाँ के बन्न लागेका थिए (पद-2)
- अब्राहमको सम्बन्धमा रहने कस्ता किसिमका मानिसहरुका झुण्डहरु आशिषित हुनेछ। (पद 3)
- परमेश्वरको प्रतिज्ञाहरु पुरा हुनलाई अब्राहमले के गरे। (पद 4)

अब्राहमलाई दिइएको प्रतिज्ञा कसरी पुरा भए; गलाती 3:8-14 मा पाउनु हुनेछ।

- सबै विभिन्न संस्कृति झुण्डहरुको अन्यजातीहरुलाई परमेश्वरले के गर्न चाहनुहुन्थ्यो? (3:8)
- परमेश्वरको आशिष पाउनलाई अन्यजातीहरुले के गर्नै पर्छ? (पद-9)
- मानिसहरुले यहूदीहरूका व्यवस्थाहरु बिना आशिष पाउन सकुन् भनि येशूले के गनुभयो? (पद-13)
- अब्राहमलाई प्रतिज्ञा गरेको कुन आशिषको आधारमा येशूमा भएका सारा संसारका विश्वासीहरुले विश्वास द्वारा अब प्राप्त गर्न सकछन्? (पद 14)

अरु अन्य संस्कृति झुण्डसित काम गर्नेहरुको आचरण कस्तो हुन पर्छ प्रेरित 10:11-28 मा पाउनुहुन्छ:

- पत्रुसले दर्शनमा परमेश्वरबाट के सुने। (10:11-16)
- जब हामीले अर्को संस्कृतिका झुण्डसित काम गर्नलाई मौका पाएका हुन्छौं तब पवित्र आत्माले हामीलाई कसरी काम गरेको चाहनुहुन्छ। (18-23)
- जब हामी अर्को संस्कृतिका झुण्डसित काम गर्दछौं हाम्रो आफ्नै बारे हाम्रो आचरण कस्तो हुनपर्छ। (पद 24-27)
- हाम्रो आफ्नै संस्कृतिले नरुचाएका संस्कृति झुण्डसित हाम्रो आचरण कस्तो हुनपर्छ। (पद-28)

सांस्कृतिक भिन्नताहरु समाधान गर्नलाई विभिन्न चर्चहरुले एक साथ कसरी काम गर्न सक्छन्, प्रेरित 15:1-31 मा पाउनु हुनेछ।

**2. आउने हप्ताको क्रियाकलापहरू तपाईको सहकर्मीहरुसित मिलेर योजना गर्नु होस्**

तपाईको क्षेत्र अनि शहरमा बस्ने विभिन्न संस्कृति झुण्डहरु चिन्नु होस्।

कुन झुण्डहरु मण्डली र ईसाई सेवकाइहरु द्वारा घेरै बेवास्ता छन् छलफल गर्नुहोस्। तपाईको संस्कृति सित ती झूण्डहरु कसरी एउटैछन् अनि भिन्दै छन्।

यी प्रत्येक संस्कृति झुण्डहरु बारे मुख्य सुचनाहरु पत्तो लगाउनुहोस्:

- झुण्डमा कति घेरै मानिसहरु छन्?
- तिनीहरु मध्ये ईसाईको भाग कति छन्?
- तिनीहरुमा कति घेरै मण्डलीहरु अनि प्रार्थना झुण्डहरु अघिबाटै छन्?
- तपाईको आफ्नै बाहेक विशेष काम गर्ने संस्थाहरु र मण्डलीहरु तपाईको सहयोगमा संस्कृति झुण्डहरुसित के काम गर्न सकछन्?
- झुण्डको विश्वास र रिवाजहरु कति सम्मन् तपाईहरुको झै एउटै छन्? तपाईहरु देखि भिन्दै छन्।

**छलफल अनि योजनः**

- तपाईको मण्डलीमा कुन कार्यकर्तालाई तिनीहरुको काम अनुसार प्रत्येक पछाड़ीएका संस्कृति झूण्डहरुमा पठाउन सकिन्छ। (अर्को संस्कृतिहरुसित कामगर्ने क्षमता अनि इच्छा कसको छ?)
- तिनीहरुको काममा कसले तालीम दिनेछ?
- त्यस काममा तिनीहरुलाई कसरी सहारा दिने? तिनीहरुमा कोहि स्वावलम्बी हुन सक्छन् पावल झै, जब

तिनले कोरिन्थमा पालहरु बनाउने गर्थे (प्रेरित 18:1–3)?

- तपाईको मण्डलीले तिनीहरुलाई कहिले पठाउनेछन्?

पावल तिमोथी सिकउनेलाई समग्रीहरु पठाउनलाई प्रबन्ध मिलाउनुहोस्।

**3. आउने माण्डलीक उपासनाको निम्ति तपाईको सहकर्मीहरुसित योजना गर्ने।**

वर्तमान खाँचो अनि तपाईले समय दिन सकिने सुहाउँदिलो कुनै क्रियाकलापलाई चुन्नुहोस्।

माथिको भाग 1 मा तपाईले के अध्ययन गर्नुभयो त्यसलाई सुनाउनु होस वा अभिनय गर्नुहोस् अनि एउटै किसिमको प्रश्नहरु सोध्नुहोस्:

- जब पावल अनि बर्णबासले लिस्त्रामा काम गरे त्यहां के भयो (प्रेरित 14:8–14)
- सारा संसारको विषयमा परमेश्वरले अब्राहमलाई के प्रतिज्ञा गर्नु भयो (उत्पत्ती 12:1–4)
- यो प्रतिज्ञाको कारणले परमेश्वरको पवित्र आत्मा हामीले कसरी पाउँछौं (गलाती 3:8–14)।
- यहूदीहरुले नरुचाएका संस्कृति झुण्डप्रति पत्रुसको दृष्टिकोणलाई परमेश्वरले कसरी परिवर्तन गर्नु भयो (प्रेरित 10:11–28)।

यहूदी संस्कृतिका इसाईहरुले कुनै पनि अनयजातीहरु बॉच्न भन्दा पहिले यहूदी रिवाज अपनाउनु पर्छ भनी किन सोंच्दथे, अनि यो समस्याको हल कसरी गरे प्रेरित 15 अध्याय देखि बुझाउनु होस्:

- विभिन्न मण्डलीका सेवकहरुको असहमतिलाई छलफल गर्न प्रेरितहरु सित भेट गरे।
- कर्नीलियसको झुण्ड यहूदी नबनीकन कसरी पवित्र आत्मा पाएका थिए, पत्रुसले बताई दिए बनी (15:8–9)
- परमेश्वरले अन्यजातीहरुको निम्ति कस्तो आश्चर्य कामहरु गर्नु भयो बर्णबास अनि पावलले प्रतिवेदन गरे (पद 12)।
- अन्यजातीहरुले ईसाई हुनलाई तिनीहरुको संस्कृतिलाई परिवर्तन गर्नु पर्ने छैन् भनि याकूबले पुरा गरे (पद 19)।

जसले हालमा अर्को संस्कृति झुण्ड सित काम गरिरहेका छन्, परमेश्वरले त्यसमा के गर्दै हुनुहुन्छ भनि भन्न लगाउनु होस्।

नानीहरुले जे तयार पारेका छन् प्रस्तुत गर्न लगाउनु होस्।

प्रभुभोज परिचय गर्नलाई यशैया 53 पढ्नुहोस्।

अर्को संस्कृति झूण्डहरुको निम्ति मध्यस्थ बनेर तिनीहरुलाई बचाउनलाई र सुसमाचार पुरयाउन कार्यकर्ताहरुको निम्ति विश्वासीहरुको स सना झुण्डहरु बनाउनु होस्।

प्रकाश 7:9 कण्ठस्थ बनाउनु होस्।

# एउटी दासी ठिटीले अर्को संस्कृतिबाटको आफ्नो मालिकलाई मदत गरीन्

हामीदेखि भिन्दै जो छन् ती मानिसहरुलाई प्रेम गर्न नानीहरुलाई सिकाउनु होस्।

**प्रार्थना।** "प्रिय प्रभु, नानीहरुले आफू भन्दा बेग्लै मानिसहरुलाई साथै अन्धा, गुंगा, अनि तिनीहरु जो अर्को संस्कृतिबाट आएका छन्। प्रेम र मदत गर्नलाई यास अध्ययनलाई प्रयोग गर्नुहोस्।"

नानीहरुको उभेरहरु, समझशक्तिको अवस्था अनि खाँचोहरुसित मिल्न सकने क्रियकलापहरु चुन्नुहोस्।

**पुरानो आराम** (सिरिया) को सेनापति नामान जो कोरि थिए, तिनको बारेमा 2 राजा 5:1-16 पढ़ेर सिकाउनलाई तयार गर्नु होस् एउटी ठिटीले आफ्नो मालिकलाई परमेश्वरको प्रेम तिको निम्ति पता लाउनलाई कसरी मदत गरीन भनेर यसलेबताउँदछ।



एउटा ठूला नानीले यस कथालाई पढुन वा मुखस्त सुनाउन। अनि यी प्रश्नहरु गरुन। [उत्तरहरु प्रत्येक प्रश्नको बादमा पाउनु हुन्छ।]

- नामान कस्तो मानिस थिए, अति तिनलाई कस्तो रोग लागेको थियो? [पद 1 लाई हेर्नुहोस्]
- एउटी इस्राएली ठिटी अरामका परिवारहरुसित किन वस्थिन? [पद 2 हेर्नुहोस।]
- किटीले आफ्नो मालिकको निम्ति कसरी प्रेम देखाए, यदि ठिनी एक दासी थिइन? [पद 3]
- एलीशाले नामानलाई निको हुनलाई के गर्नु भनी दिए [पद 10]
- नामानले एलीशाको अर्तिलाई के सम्झें? [पद 11]
- एलीशाले नामानलाई कस्तो व्यवहार गरेको चाहन्थे? पद-11, तिनले इच्छा गरेथे कि एलीशाले एउटा अद्‌भुत आश्‍चर्य काम गर्नेछ किनभने नामान एउटा धनी अनि विशेष व्यक्ति थिए।
- अगमवक्ताको अर्तिलाई मान्न नामानलाई कसले सम्झाए? [पद 13]
- एलीशाले नामानको चंगाईको भुक्तान किन मागेनन्? [पद 16] एलीशाले यो चाहनुहुन्थ्यो कि नामानको रोग तिनी धनी वा विशेष व्यक्ति भएको हुनाले परमेश्वरले निको पार्नु भएकोहोइन तर तिनले परमेश्वरमा भरोसा गरेर आज्ञाकारी बनेका हुनाले।]

नामानको चंगाइको कथालाई नाटकीय रुप दिनुहोस्। यदि तपाईले चाहनुहुन्छ भने, कुनै भागहरु मात्र गर्नुहोस्।

- नानीहरुले यो नाटक प्रस्तुतगर्नलाई मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाइदिऊन।
- ठूला नानीहरुले सानाहरुलाई तयार पार्नलाई सहयोग गरुन।
- ठूला नानीहरु वा प्रौढ़हरुले ठिटी, स्वास्नी, नामान, गेहजी, इस्राएलका राजा, एलीशा अनि कथक को भागहरु गरुन्। नामानले एउटा कागजको टुक्रा बोकनुहोस्।

**पावल-तिमोथी बालकहरुको अध्ययन विशेषकार्यहरु टि. 4 बी.**

- साना नानीहरुले नामानको नोकरहरुको पाठ खेलुन।

**कथकः** कथालाई 2 राजा 5:1-16 बाट सुनाउनुहोस्। त्यसपछि भन्नुहोस, "सुन्नुहोस् नामानको स्वास्नीलाई दासी ठिटीले के भन्दछीन्।

**ठिटीः** "माल्किनी, मेरो मालिक, नामान, दुःखि किनभने उहाँलाई कोरको रोग छ। म उहाँलाई मदत गर्न चाहन्छु। उहाँलाई बिन्ति गर्नुहोस कि उहाँले गएर इस्राएलमा परमेश्वरको अगमवक्तालाई भेटुन।"

**स्वास्नीः** नामानकहाँ जाँदछिन् अनि भन्दछे, "हजूर तपाईले धेरै कोशिष गरी सनुभयो। गएर इस्राएलमा अगमवक्तको पत्तो लांउनुहोस्। हुन सक्छ तिनले तपाईलाई निको पार्ला।"

**नामानः** "म आरामको हाम्रा राजालाई यो विन्ति पत्र पठाइदिनु भन्नेछु।" (नोकर सित राजाकोमा जाने। शिर झुकाउने, कागज तिनलाई थमाइ दिने।) भन्नुहोस् "इस्राएलको राजालाई आदर। आरामका मेरा राजा देखि यो विन्ति पत्र पढ़नु होस्। मलाई बताउनु होस्, अगमवक्ता कहाँ छ, जसले मेरो कोर निको पार्न सक्छन्?"

**इस्राएलका राजाः** "के म ईश्वर हूँ र कोर निको पार्न सकछुँ? तिम्रो राजाले मसित लड़ाईको निहुं गर्दैछन्।"

**नामान अनि नोकरहरु।** दुःखित भएर फर्कन्छन्, टाउको तल निहुराएर। नोकरले यस प्रकारले भन्दछ, "कति अफसोस।" "नराम्रो रोग कसैले निको पार्न नसक्दो रहेछ।"

**गेहजीः** नामानकोमा जाँदछ अनि शिर झुकाउँछ। "कप्तान नामन, मेरो मालिक अगमवक्ता एलीशाले एक सत्य परमेश्वरको शक्ति तपाईलाई देखाउनु हुनेछ, आउनुहोस् अनि भेटनुहोस्!"

**नामानः** तिम्रो नोकरलाई भन, "अब हामी त्यो व्यक्तिलाई भेटन जानेछौं जसले महान शक्ति प्रयोग गर्नुहुन्छ, किनभने म शक्तिशाली व्यक्ति हूँ अनि यसको निम्ति म घेरै पैसा दिन सक्छु।"

**गेहजीः** "नामान, मेरो मालिकले भन्नु भएको यर्दन नदीमा गएर सात पल्ट डुबुल्की लाउनु होस्।"

**नामान** (रिसाएर) "होइन! म त्यो हिलो भएको पानीमा डुबुल्की मार्ने छैन्। हाम्रो नदीहरु सफा छन्।"

**नोकहहरुः** यस प्रकारले भन्नु, "यदि तिनले केहि तफईलाई गाह्रो काम गर्नु दिनु भएको भए तपाईले गर्नु हुनेथ्यो।" जानुहोस "परमेश्वरको अगमवक्ताले भन्नु भए झै गर्नुहोस्।"

**नामानः** सात पल्ट नदीमा डुबल्की मारे झै बहना गर्नुहोस्।

**नोकरहरुः** यसकिसिमले भन्नु, "हेर। तिनको कोर हराए! उहाँ निको हुनु भएछ।"

**नामानः** एलीशाकोमा गएर भन्दछ, "यो महान आश्चर्यको लागी म मुक्तान गरी दिनेछु।"

**एलीशाः** "होइन! परमेश्वरलाई पैसा चांहिदैन। उहाँले तपाईलाई निको पार्नु भयो, उहाँ एक सत्य परमेश्वर हुनुहुन्छ भनि देखाउनलाई।"

**नामानः** ठिटी कहाँ जाँदछन् (निहुरेर अनि भन्दछ), "तिमीलाई धन्यवाद सानो ठिटी किनभने तिमीले मलाई सत्य परमेश्वरलाई चिन्नमा मदत गरयौ। मैले तिमीलाई तिम्रो देशबाट दासी बनाएर ल्याएतापनि तिमीले मेरा विचार गरयौ।"

**कथकः** नाटकमा मदत दिने सबैलाई धन्यवाद दिनुहोस्। प्रौढ़हरुलाई सुनिदिनु भएको लागी धन्यवाद।

**प्रश्नहरुः** यदि यो नाटक प्रौढ़हरुलाई देखाइन्छ भनें, नानीहरुले प्रौढ़हरुलाई प्रश्नहरु पनि गरुन् जो माथि

सुचित गरीएका छन्।

चित्र- नानीहरुले एउटा मानिस नदीको बीचमा उभिएको चित्र नकल गरुन्।

- नानीहरुले तिनीहरुको चित्र आराधनाको समयमा प्रौढ़हरुलाई देखाउन।
- तिनीहरुलाई बुझाउन लगाउनु होस् कि परमेश्वरले साना नानीहरुको प्रेमलाई उहाँलाई चिनाउन अनि उहाँको चंगाई अनि पापको क्षमा मानिसहरुले थाहा गरुन भनि प्रयोग गर्नुहुन्छ।

**छलफलः** नानीहरुलाई मानिसहरुको अरु उदाहरणहरु दिन लगाउनु होस्, जोहरु हामी देखि भिन्दै छन्, जसलाई हामी माया गर्न अनि सेवा गर्न सकछौं।

**कविताः** तीन जना नानीहरुले प्रत्येकले दुई पद गरी अयूब 42:1-6 देखि सुनाउन्।

परमेश्वरको प्रेम सारा राष्ट्रहरुका मानिसहरुको लागी हुन भन्ने बारे भजन संग्रह 67 देखि शब्दहरु वा विचारहरु पोखाएर ठूला नानीहरुले एउटा कविता वा गति लेख्न लगाउनुहोस्। यो तिनीहरुले हप्ताभरीमा गर्न सक्ने छन्।

भजन संग्रह 67:2-3 कण्डस्थ पार्नुहोस्।

**प्रार्थनाः** "प्रिय प्रभु मानिसहरुलाई प्रेम गर्न हामीलाई मदत गर्नुहोस् जो हामी देखि भिन्दै छन्। अन्धा,

बहिरा, अनि अर्को संस्कृतिका संगीहरु प्रेम गर्न हामीलाई मदत गर्नुहोस्।"

# त्यागिएका मानिसहरुमाझ सेवक सेविकाहरु पठाउनु


नानीहरुलाई सिकाउनेले अध्ययन एस. 2 बी. पढनु पर्छ।

**प्रार्थना!** "प्रिय प्रभु, हामीलाई तपाईको महान आज्ञा पालन गर्नलाई अनि ख्रीष्टमा मुक्तिको सुसमाचार नपाएका मानिसहरु माझ कार्यकर्ताहरु पठाउनलाई मदत गर्नुहोस्।"

1. **त्यागीएको इलाकाका मानिसहरु माँझ ख्रीष्टको अभियान गुरु गर्न तयार गर्नुहोस्, जहाँ नयाँ बगालहरु बड्दै जाऊन।**

**टिप्पणी:** नयाँ नियममा भएका मण्डलीहरु यरुशले, जोप्पा, एन्टिओक, रोम, एफिसस्, कलस्सी अनि अरु राहरमा भएकाहरुले चेलाहरु बनाउनलाई अन्य जगहहरुमा कार्यकर्ताहरु पठाए।

येशुले आफ्ना चेलाहरुलाई उहाँको गवाही बन्नलाई चार जगहहरुमा जान भन्नुभयो, प्रेरित 1:8 मा पाउनुहुन्छ। [उत्तरहरु: यरुशलेम (तपाईको आफ्नै समाज, संस्कृति अनि भाषाहरु अनुरुप), यहूदीया (नजीकका, एउटै संस्कृति भएका, त्यागीएका समाजहरु अनुरुप), सामरीया (छेउ-छाउमा भएका अरु



सांस्कृतिक अनुरुप) संसारको अन्त (टाड़ा-टाड़ामा भएका धेरै भिन्न संस्कृतिहरुका मानिससित)।]

पावल अनि बर्णबासलाई पठाउन एन्टिओकका मण्डलीले के गरे, प्रेरित 13:1-3मा पाउनु हुनेछ।

प्रेरित 13 अनि 14 अध्याय पढनुहोस् अनि पावल र बर्णबासले नयाँ मण्डली शुरु गर्नलाई गरेका सबै थोकहरुको सुची बनाउनुहोस्।

जसै पावल अनि बर्णबास तिनीहरुलाई पठाउने मण्डलीकहाँ फर्कि आए, तिनीहरुले के गरे, प्रेरित 14:26-28 मा पाउनुहुन्छ। जब हामीले प्रचार गर्छौं के घोषणा गर्नुपर्छ।

**तपाईले पठाउने कार्यकर्ताहरुमा केहि योग्यताहरु हुन पर्छे त्यसमा यी चार सम्मिलित छन्:**

योग्यता 1. अरु संस्कृतिलाई अवलम्बन गर्ने।

- उपासना अनि प्रचार तपाईको घरेलु मण्डलीले गर्ने तरीकामा गर्नलाई नयाँ विश्वासीहरुलाई जोड़ नगर्नुहोस्।
- सांस्कृतिक भिन्नतालाई आदर दिनुहोस्। ख्रीष्टका आज्ञाहरु अनि तिनका प्रेरितहरुका आज्ञाहरु पालन गर्न बाहेक नयाँ विश्वासीहरुमाथि अरू मांगहरु झट्टै नराख्नु होस्।
- कार्यकर्ताहरुले अर्को भाषा सिक्न पर्छ।

- त्यसता तरीकाहरुमात्र प्रयोग गर्नुहोस् जसलाई नयाँ विश्वासीहरुले नकल गर्न सक्छन् अनि अरुलाई प्रचार गर्न सकिन्छ।
- त्यस किसिमका सामग्री प्रयोग गर्नुहोस् जो नयाँ मण्डलीमा नयाँ कार्यकताहरुलाई उपलब्ध छन्।
- स्थानीय मानिसहरुसित मित्रताको बन्धनमा रहनुहोस्। तिनीहरुलाई प्रेम गर्नुहोस्। तिनीहरु मध्येबाट मित्रहरु बनाउनु होस्।

योग्यता 2. प्रचार यस प्रकारले गर्नुहोस् ताकि सुसमाचार एउटा परिवारदेखि अर्को परिवार अनि एउटा मित्र देखि अर्को मित्र सम्म 'बगेर' जान सकून्। येशुको मृत्यु र पुनरुत्थानको कथा नयाँ विश्वासीहरुलाई यस्तो प्रकारले भन्नु होस् कि तिनीहरुले आफनो मित्रहरुलाई बताउन सकोस्। कुनै सामग्री वा तरीका प्रयोग नगर्नुहोस् जो नयाँ विश्वासी हरूलाई प्राप्त गर्न र प्रयोग गर्नमा कठिन पदेछ (कुनै विशेष घटना बाहेक)।

योग्यता 3. येशूका आज्ञाहरु सिकाएर नयाँ विश्वासीहरुलाई चेलाहरु बनाउनु होस्। उहाँको मौलिक आज्ञाहरु पश्चताप अनि विश्वास गर्नु, बप्तिस्मा लिनु, प्रभुभोज मान्नु, व्यवहारीकरुपले परमेश्वर अनि अरुहरुलाई प्रेम गर्नु, प्रार्थना गर्नु, दिनु अनि चेलाहरु बनाउनु हो।

योग्यता 4 क्रियाकलापहरु सिक्नुहोस जसै नयाँ मण्डलीको उन्नती हुनलाई नयाँ नियमले सिकाउँदछ:

- येशुको बोरे अरुलाई सुनाउनु अनि पश्चतापी विश्वासीलाई बप्तिस्मा दिनु, लूका 24:46-48; प्रेरित 2:38।
- नयाँ चेलाहरुलाई येशुको आज्ञाहरु मान्न सिकाउनु, मत्ति 28:18-20।
- एउटै शरीर झै उपासना गर्नु, अनि प्रभुभोज मान्नु, एफिसी 6:10-18
- मिठो संगती बनाउनुहोस् अनि ब्यवहारीक ढंगमा खाँचोमा परेकाहरुको मदत गर्नुहोस्। यूहन्ना 13:34
- ईसाई भण्डारीपनको अभ्यास अनि दिने, लूका 6:38
- विश्वासीहरुले अरुहरुलाई अनि एउटालेअर्कोलाई कसरी सेवा पुरयाउनु पर्छ सिकाउनु होस्; एफिसी 4:11
- पारिवारीक जीवनलाई बलियो बनाउनु समस्याहरुमा मदत गर्नु अति दोषीहरुलाई सुधार गर्नु, 2 तिमोथी 3:16-17
- विभिन्न आत्मिक बरदानहरुले विश्वासीहरुले एका दुस्त्रालाई सहयोग दिनलाई आयोजन गर्नु, 1 कोरिन्थी 12
- छेउ छाउका तिरस्कृत मानिसहरु माझ मण्डली र प्रार्थना संगतीहरु शुरु गर्ने प्रेरित 1:8
- नेताहरुलाई यस्तो प्रकारले तालीम दिनु होस् जसमा तिनीहरुले नकल गर्न सकोस अनि तिनीहरुले नयाँ नेताहरुलाई प्रशिक्षण दिन सकून; 2 तिमोथी 2:2

**2. तिरस्कृत मानिसहरुका झूण्डहरुमा कार्यकर्ताहरु पठाउनलाई सहकर्मीहरु सित योजना गर्नुहोस्।**

यो मुख्य क्रियाकलापहरुलाई पुरा गर्नमा केहि हप्ता लाग्न सक्ल

- कुन झुण्डका मानिसहरुलाई अझपनि मण्डलीको दरकार छन्, जसलाई बड़ाउन पर्छ, कुन कार्यकर्तालाई पठाउन पर्छ थाहा गर्नुहोस्।
- तिरस्कृत मानिसहरुको झुण्डको निम्ति प्रार्थना गर्नुहोस् जसै तपाईको मण्डलीले त्यहाँ पुग्नलाई चुनेका छन्।

- तिरस्कृत इलाकामा जानलाई इच्छा भएका विश्वासीहरुलाई भेट गर्नुहोस्, अनि तिनीहरुलाई तयार पार्न प्रारम्भ गर्नुहोस्। तिनीहरुलाई तुरन्तै चाहिने योग्यताहरुलाई प्रयास गर्नमा मदत गर्नु होस्। (ती माथि सुचित गरिएका छन्)।
- तिरस्कृत इलाकाहरुमा कार्यकर्ताहरु पठाउन दिलचस्पी देखाउने विश्वासीहरुलाई भेट गर्नु होस्, अनि कार्यकर्ताहरु पठाउनलाई तयार पार्न सहायताको प्रबन्ध गर्नुहोस्।
- कार्यकर्ताहरुलाई कसरी सहायता गर्ने निर्णय गर्नुहोस्। तिनीहरुले तपाईको मण्डलीबाट सहयोग पाउँछ कि अरु मण्डलीहरुबाट? वा तिनीहरु एक्वीला र प्रिस्कीला, पावल र अरु प्रेरितहरु झै स्वावलम्बित हुनेछ? त्यसप्रकारको योजना ठिक गर्नुहोस्।
- तपाईको मण्डलीकमा भएका सेवक-सेविकाहरुको निम्ति हप्ताको प्रार्थनाको प्रबन्ध मिलाउनु होस्।
- मंण्डलीको सेवकहरुको काममा कष्ट अनि प्रगति बारे मण्डलीलाई लगातार अनुवेदन दिनलाई प्रबन्ध मिलाउनुहोस।
- तिरस्कृत मानिसहरुमा अरु मण्डलीबाट कार्यकर्ताहरु पठाउनलाई बगालका गोठालाहरुलाई मदत गर्नुहोस्।
- तपाईको इलकामा भएका अरु मण्डलीहरुसित मिलेर काम गर्ने अनि कार्यकर्ताहरु पठाउने प्रबन्ध गर्नु होस्।

**3. आउँदो उपासनाको निम्ति सहकर्मीहरुसित योजना तयार गर्नुहोस्।**

एन्टिओकका विश्वासीहरुले पावल र बर्णबासलाई कसरी पठाए अनि तिनीहरुले कसरी चेलाहरु बनाए बुझाउनु होस्।

कार्यकर्ताहरुलाई पठाउने अनि तयारपार्ने मण्डलीको योजनाहरु बुझाउनु होस्।

जुन कार्यकर्ताहरु पठाइएका छन् तिनीहरुकलाई खाँचो पर्ने योग्यताहरुलाई फेरि हेर्नुहोस्।

अन्य जगहहरुमा सेवाको काम गरीसकेका कार्यकर्ताहरुले त्यस विषयमा बताउन्।

नानीहरुले तयार पारेका जे छन् प्रस्तुत गर्न लाउनुहोस्।

प्रभुभोजको पहिले यर्मिया 31:31-34 पढ्नुहोस्। अगमवक्ताले येशुको रगत बारे अधि बाटै नयाँ सम्झौता गर्नु भएको छ, जसै हामी राटो तोड्दा मान्ने गर्छौं।

कार्यकर्ताहरु पठाउने योजनालाई छलफल गर्न अनि प्रार्थना गर्नलाई दुई वा तीन व्यक्तिहरुको झूण्ड बनाउनुहोस।

**मत्ति 28:19-20 एक साथ कण्ठस्थ पार्नु होस्।**

**तिरस्कृत मानिसहरुका झूण्डहरु**

*तपाईको छेउ अनि नजिकमा भएका जातीहरु, समाजहरु, शहरहरु अनि छिमेकीहरुलाई तिनीहरुको जनसंख्या अनुसार सुसमाचार पुरयाउनलाई पर्याप्त ईसाईहरु अनि गिर्जाहरु छैनन् होला। थोरै विश्वासीहरुले त्यस ठाऊहरुमा सुसमाचारको निम्ति कार्यकर्ताहरु पठाई दिऊन अनि एउटा नयाँ मण्डली शुरु गर्नलाई तपाई जस्तोको निम्ति प्रभुसित प्रार्थना गरी रहेका छन्।*

# शुभ खबरहरु नयाँ जगहहरुमा पुग्छन्

प्रथम प्रचारकहरुलाई नानीहरुसित परिचय गराउने



नानीहरुको सिकने क्रियाकलाप कुनै पनि चुन्नुहोस्।

एन्टिओकका मण्डलीले प्रचारकहरु कसरी पठाए प्रेरित 13:1:16 अनि 32-52 बाट ठूला नानी वा शिक्षकले पढ़ी दिऊन वा कथा सुनाउन। पावल अनि बर्णबासलाई अन्य जगहहरुमा येशूको बारे शुभ समाचार लैजानलाई मण्डलीले कसरी पठाए, भन्नुहोस्।

यी प्रश्नहरु सोघ्नुहोस्। उत्तरहरु प्रत्येक प्रश्नको पछि पाइन्छ।

- जब परमेश्वरले सावल अनि बर्णबासलाई उहाँको कामको निम्ति छुटयाओ भन्नु भयो विश्वासीहरु के गरीरहेका थिए? पद-2
- सावल अनि बर्णबासलाई प्रचारकको रुपमा विश्वासीहरुले पठाउन अघि तिनीहरुले के गरे? पद-3 हेर्नुहोस्।
- परमेश्वरले एउटा धामीको के बन्द गर्नुभयो जसले मानिसहरुलाई येशुको बारेमा जान्न देखि अलग गर्थे? (पद 11)
- मानिसहरुले तिनीहरुको पापको क्षमा कसरी पाउन सकेका छन्? (पद-38)
- कुन झुण्डका मानिसहरुले शुभसमाचारलाई इन्कार गरे? (पद 45-46)
- जब पावल अनि बर्णबासलाई शहरबाट बाहिर कटाइ दिए तिनीहरुले के गरे? (पद-51)

कथाको भागहरुलाई नाटकमा उतार्नुहोस्।

- यस नाटकलाई प्रस्तुतगर्नलाई मुख्य मण्डलीका अगुवाहरुसित प्रबन्ध मिलाउनु होस।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनु होस्।
- तपाईले सम्पूर्ण भागहरु प्रयोग गर्नु पर्नेछैन्।
- साना नानाहरुलाई तयारी पार्न ठूला नानीहरुले मदत गरुन।
- ठूला नानीहरु वा प्रौढ़हरुले पावल अनि कथकको भागहरु गरिदिऊन।
- साना नानीहरुले यी भागहरु खेलुन:

**बर्णबास**

**बाड़ा हाकिम**

**धामी**

**इसाईहरु**

**यहूदीहरु**

**अन्यजातीहरु**

**नाटक, भाग-1, प्रेरित 13:1-3**

**कथकः** कथाको पहिलो भाग पद 1-3 देखि सुनाउनुहोस्। भन्नोस् "सुन्नुहोस् ईसाईहरुले के भन्दछन्।"

**ईसाईहरुः** "उपवास बसेर परमेश्वरलाई एक साथ प्रार्थना गर्नु असलहुन्छ।" "प्रचारकहरु पठाउनलाई पवित्र आत्माले हामीलाई भन्दै हुनुहुन्छ।" "पावल अनि बर्णबासलाई पठाउनलाई परमेश्वरले भन्दै हुनुहुन्छ।"

**बर्णबासः** "हो! नयाँ जगहरुमा हामी शुभसमाचार लैजानेछौं।"

**ईसाईहरुः** "यहाँ घुँड़ा टेक्नुहोस्।"

"हामी तिमीहरुमाथि हात राखेर प्रार्थना गर्नेछौं।"

"परमेश्वरले जहाँ चाँहनुहुन्छ पठाउने छौं।"

**पावल अनि वर्णबासः** घुड़ा टेक्दछन्।

**ईसाईहरुः** पावल अनि बर्णबासमाथि हात राखेर तिनीहरुको निम्ति प्रार्थना गर्दछन्।

**पावल अनि बर्णबासः** एक छेउ तर्फ हिड्न लाग्दछन्।

**भाग 2 प्रेरित 13:4-12**

**कथकः** कथाको दोस्रो भाग सुनाउनुहोस् (पद 4-12)। भन्नुहोस् "सुन्नुहोस रोमी बड़ा हाकिमले के भन्दछ।"

**बड़ा हाकिमः** "जाऊ पावललाई लिएर आऊ। म येशूको बारेमा सुन्न चाहन्छु।"

**धामीः** "होइन, हजूर, पावललाई नल्याउनु होस। उसको झूटो उपदेश तपाईले नसुन्न हवस।"

**पावलः** "धामी, तिमीले यस मानिसलाई भर्माउन कोशिष गरी रहेछौ। परमेश्वरले तिमीलाई अन्धा बनाउनुहुनेछ।"

**धामीः** अस्थिरसंग चताउती हिंड्दछ; आँखा बन्द गरेर। भन, "म देख्न सकिदन। मेरो हात समात्नु होस्।"

**बड़ा हाकिमः** "पावल, तिम्रो परमेश्वर यो धामीको देवहरु भन्दा शक्तिशाली हुनुहुँदो रहेछ। म तिम्रो परमेश्वरको बारेमा अझ सुन्नचाहन्छु!"

**भाग-3 प्रेरित 13:13-16 अनि 32-52**

**कथकः** कथा सिध्याउनुहोस्, पदहरु 13-16 अति 32-52 भन्नुहोस्, "सुन्नुहोस् पावलले के भन्दछ।"

**पावलः** "येशूको बारेमा शुभसमाचारहरु सुन्नुहोस्। उहाँलाई परमेश्वरले मरेकाहरूबाट बिउत्याँउनु भयो। उहाँले तपाईको पाप क्षमा गर्नुहुन्छ।"

**यहूदीहरुः** "यो पागल मानिसलाई नसुन्नहोस्।"

**बर्णबासः** "हामीले पहिले तपाईहरुलाई सुनाएका थियौ। तर येशूलाई इन्कार गर्नुभयो। अब हामी अन्यजातीहरुलाई बताउँदैछौं, जो यहूदी होइनन्।"

**अन्यजातीहरुः** "हामी खुशि छौ किनकि परमेश्वरले तपाईहरुलाई हाम्रो निम्ति पठाउनु भयो।" "येशूको बारेमा अरु धेर हामीलाई बताउनुहोस्। हामी उहाँमा विश्वास गर्दछौं।"

**यहूदीहरुः** "हामीले यो मान्छेलाई शहर देखि बाहिर गर्नैपर्छ।" पावल र बर्णबासलाई धकेली दिन्छ। तिनीहरुले आफ्नो जुत्ताको धुलो टक्टक्याउदछ, तिनीहरु जाँदछन्।

**बर्णबास अनि पावलः** खुट्टाको धुलो टक्टकाएर गइहाल।

**कथक वा ठूला नानीः** नाटकमा गर्ने सबैलाई धन्यवाद दिनोस्। प्रौढ़हरुलाई ध्यान पूर्वक सुनिदिनु भएको निम्ति धन्यवाद दिनोस्।



खुट्टाको एउटा चित्र बनाउनुहोस्। नानीहरुले नकल गरुन। तिनीहरुको चित्र अर्को उपासना को समयमा प्रौढ़हरुलाई देखाउन अनि परमेश्वरले कसरी नयाँ जगहहरुमा पठाउनु हुन्छ जहाँ येशूको बारेमा शुभसमाचार सुन्नलाई तयार छन् भनि यसलाई उदाहरण दिंदै बुझाउनु लगाउनुहोस्। ठूला नानीहरुले सानाहरुलाई मदत गरुन।

पावल अनि बर्णबासको कथाबाट प्रश्नहरु सोध्नुहोस्ः

- नानीहरुलाई सोध्नुहोस्, "नयाँ स्थानहरुमा शुभसमाचार लिएर जाने मानिसहरुको अरु उदाहरणहरु के हुन सकछन्?"
- नानीहरुले उदाहरणहरु देऊन।
- यदि नानीहरुले यो नाटक प्रौढ़हरुको निम्ति गर्दछन् भने, त्यसोभए, प्रौढहरुलाई नानीहरुले एउटै प्रश्नहरु गरुन।
- नानीहरुले पृष्ट 1 मा भएका प्रश्नहरु पनि प्रौढ़हरुलाई सोधुन।

**यहोशू 1:9 कण्ठस्थ** पार्नुहोस्।

**कविता पाठ गर्नुहोस्:** चार जना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 29:1-4 देखि पाठ गरुन्।

शुभसमाचारलाई टाढ़ा टाढ़ा सम्म लैजाने मानिसहरु बारे ठूला नानीहरुले एउटा कविता, गीत वा छोटो कथा लेखुन। यो हप्ता भरीमा गर्न सकछन्।

**प्रार्थनाः** "प्रिय प्रभु, पावल र बर्णबासलाई जस्तै तपाईले अरुलाई पनि नचिन्नेहरुकहाँ पठाउन चाहनुहुन्छ। जब तपाईले हामीलाई जानु भन्नुहुन्छ, तपाईको आवाज सुन्न हामीलाई मदत गर्नुहोस्। हामीलाई आत्माले भर्नुहोस् जसमा कि हामी पावल र बर्णबास झैं सहाससित बोल्न सकौं।"

# इस्राएलीहरुले के गर्न परेको थियो, यहोशूले देखे

जब परमेश्वरले हामीलाई दर्शन दिनुहुन्छ, हामीले असल जानकारी लिनैपर्छ अनि उहाँको आज्ञापालन गर्नलाई योजनाहरु तयार गर्नपर्छ।

बर्तमान खाँचो अनुसार अनि तपाईको सहकर्मीहरुको समयलाई हेरेर क्रियाकलापहरु गर्नुहोस्। बाल शिक्षकहरुले अध्ययन भी. 1 बी. पढ्नु पर्छ।

**1. प्रभुको आज्ञा पालन गर्नलाई परमेश्वरको वचन अनि प्रार्थनासित तयार गर्नुहोस्।**

**प्रार्थनाः** "प्रभु येशू, तपाई हाम्रो नायक हुनुहुन्छ। तपाईले के गर्न चाहनुहुन्छ हामीलाई देखाउनुहोस, हामीले के गर्नु पर्छ बताउनुहोस् अनि हामीलाई असल जानकारी तर्फ डोर्‍याउनुहोस, जसमा हामीले बुद्धिमानी छनौट गर्न सकौं।"

**गन्ती 13:1-16 मा पाउनुहुनेछ...**

- परमेश्वरले के गर्न लाग्नु भएको थियो। [उत्तर पद 2 मा इस्राएलीहरुलाई कनानको भूमि दिनलाग्न भएको थियो।]
- मानिसहरुले के गर्नुपर्ने थियो। [उत्तरः देशको भेद लिनलाई गुप्तचरहरु जानुथियो।]
- यसो गर्नलाई कसले हुकुम गरे। [पद-3 हेर्नुहोस्।]
- गुप्तचरहरुले के पत्तो लाउनु थियो गन्ती 13:17-24 मा पाउनुहुन्छ...
- कहाँ जाने बारेमा [पद-17 टिप्पणीः कनानको मुख्य दुई क्षेत्रहरु थिए, पहाड़ी देश अनि तराईदेश।]
- मानिसहरुको बल बारे। [18]
- मानिसहरुको संख्या बारे।
- भूमि बारे [19]
- शहरहरु बारे
- खेतीपाती बारे [20]
- बन जंगल बारे
- स्थानीय उत्पादन बारे।



### असल जानकारी लिनु

प्रभुले हामीलाई हरएक भाषा-भाषीका जाती, राष्ट्रका सबै मानसिहरुलाई उहाँका चेलाहरु बनाउन भन्नु भएको छ। प्रत्येक मानिसका झुण्ड बारे हामीले जे सकछौं सिकन पर्छ, यसोगर्नाले हामीले ग्रहण गर्ने परिवारलाई भेटाउनमा पत्तो लगाउन अनि चेला बनाउनलाई बुद्धिमानीसित चयन गर्न सक्ने छौं। जबकि येशूले भन्नुभयो कि मानिसलाई पत्तोलाउनु पाकेको फसल झै हो, हामी तीन प्रकारका जानकारीहरु हेर्ने छौः

**फसल भएको मैदान बारे।**

क) प्रत्येक क्षेत्रमा कुन झुण्डका मानिसहरु बसो-बासो गर्दछन्?

ख) प्रत्येक झुण्डका मानिसहरुको संख्या कति छन्?

ग) तिनीहरुको भाषा, सामाजीक स्थर, जात, आर्थिक अवस्था अनि मुख्य सांस्कृतिक विशेषता के हुन्?

घ) तिनीहरु आफै माँझमा कसरी संचार गर्न मन पराँउछन?

ङ) तिनीहरुको धार्मिक विश्वास अनि आत्मिक अभ्यासहरु के हुन?

च) येशूको बारेमा तिनीहरुले के जान्दछ अनि ईसाईहरु प्रति तिनीहरुको आचारण कस्तो छ?

**फसलको प्रभाव बारे**

छ) अरु कुन ईसाई मण्डलीहरु विशेष कामगर्नेहरु अनि माध्यमहरु छन् जसले चेलाहरु बनाउनलाई प्रयास गरी राखेका छन्?

ज) कुन झुण्डका मानिसहरु माझ तिनीहरु कार्य गर्दछन्?

झ) तिनीहरुको कार्यालय अनि कामगर्ने जगहरु कहाँ छन्?

ञ) यी प्रत्येक सेवकाइहरु कति असल गर्ने लायकका छन्?

ट) तिनीहरुका कार्यकर्ताहरुको समाजिक, सांस्कृतिक अनि भाषा सम्बन्धी विशेषताहरु के छन्?

ठ) कुन सेवकाईहरुले तपाईसित; अनि एका दुस्रामा मिलेर काम गर्दछन्?

**उब्जेको फसल बारे।**

ड) प्रत्येक झुण्डका मानिसहरुमा चेला बनसिकेकाहरुको संख्या कतिछन्?

ढ) के चेलाहरुका संख्या बड़दैछन् कि घट्दैछन्?

ण) प्रत्येक बर्ष विश्वासीहरुको वप्तिस्मा कुन दरले दिइन्दैंछन्?

त) प्रत्येक वर्ष नयाँ मण्डलीहरु अनि कोठे संगतीहरु कुन दरले स्थापित भइराखेका छन्?

थ) मण्डलीहरुको नयाँ नेताहरु कसरी तालीम पाइरहेका छन्?

यहोशूलाई प्रभुले दिनु भएको दर्शन के थियो, यहोशू 1:1–11 मा पाउनुहुनेछः

- परमेश्वरको प्रतिज्ञाहरु। [2 अनि 5]
- यहोशूको आज्ञाकारिता। [8 अनि 9]
- यहोशूको योजनाहरु। [10 अनि 11]

**2. आउँदो साताको क्रियाकलापहरु तपाईको सहकर्मीहरुसित बनाउनु होस्।**

तालिम अवस्थाको दौरानमा शिकारु अगुवाहरुसित रहँदा तिनीहरुका दर्शनहरु बताउन अनि तिनीहरुले ती दर्शनहरु कसरी पुरो गर्नसक्छन् योजना गर्नमा अनि असल जानकारी लिनमा मार्गनिर्देशन गर्नलाई मदत गर्नुहोस्।


तपाईको आफ्नै झुण्ड माझको फसल बारे भाग 1 बाट प्रश्नहरुको उत्तर दिने प्रयास गर्नुहोस।

तपाईको छेउ छाउमा भएका अरु मानिसका झूण्ड बारे भाग–1 बाट प्रश्नहरुको उत्तर दिने प्रयास

गर्नुहोस्।

असल जानकारी प्राप्त गर्न वा जानकारी पत्तो लगाउनलाई सहयोग गर्न अरु मण्डलीहरु अनि संस्थानहरुसित सम्पर्क राख्नलाई प्रबन्ध मिलाउनु होस्।

यदि अरु इच्छुक छन् भने, एउटा खोज तलास गर्ने झुण्डको व्यवस्था गर्नुहोस्, जसले तपाईको क्षेत्रमा भएका हरएक झुण्डका मानिसहरुको जानकारीहरु बटुलेर बाँटने छन्।




तपाईको शहरमा इसाई अनुसन्धान कार्यालयहरुको बारेमा अन्य ईसाई नेताहरुलाई सोधपुछ गर्नुहोस्। ती कार्यालयहरुसित सम्पर्क राख्नलाई योजना गर्नुहोस् अनि तपाईको क्षेत्रमा भएका मानिस र जगहहरु “कोहि नपुगेका” बारेमा जानकारी लिनलाई सोध्नु होस्।

**3. आउनेवाला उपासनाको योजना सहकर्मीहरुसित बनाउनुहोस्**

कनानमा गएका गुप्तचरहरुको कथा गन्ती 13 अनि 14 अध्याय देखि पढ़नुहोस् वा अभिनय गर्नुहोस्। यसमा ध्यान गर्नुहोस्...

- मानिसहरुले आज्ञा पालन गर्न कसरी इन्कार गरे अनि सबै जना नमरे सम्म चालीस बर्षसमन् उजाड़ स्थानमा डुलीरहे।
- नयाँ पिड़ीलाई प्रतिज्ञाको देशमा डोर्‍याउने अनुमती विश्वासी यहोशू र कालेबले कसरी पाएका थिए।

नानीहरुले तयार पारेका विषयहरुलाई प्रस्तुत गर्न लगाउनुहोस्।

तिरस्कृत मानिसहरुको झुण्डको जाँच गर्न वा तिनीहरु कहाँ कार्यकर्ताहरु पठाउन योजनाहरु बनाउनलाई छलफल गर्नुहोस्। यदि कसैले अगावै योजना गरी सकेकाछन् भने, तिनीहरुलाई परिणाम बारे प्रतिवेदन दिन लगाउनुहोस्।

प्रभुभोज परिचय दिनलाई यूहन्ना 21:9-14 पढ़नुहोस। हामी पनि चाँड़ै पुनरुत्थानमा येशू सित खानेछौं, अनि सबै मानिसहरुलाई महान योजनामा सम्मिलित गराउने हाम्रो लक्ष्य हो भनि बुझाउनुहोस्।

छेउ छाउका तिरस्कृत मानिसहरुका झूण्डमा काम गर्न चाहनेहरुको दुई वा तीन व्यक्तिहरुको झुण्ड बनाएर प्रार्थना गर्न लगाउनुहोस्।

**गन्ती 13:18 एक साथ कण्ठस्थ गर्नुहोस्।**

**तपाईको मानिसहरुस्मा वचन पुग्नु छ**

***अनुसन्धान।*** *मानिसहरु अनि जगहहरुको बारे ठीक जानकारी लिनलाई होशियारी साथ पत्तो लगाउनुहोस्, कसरी तिनीहरुलाई सहयोग गर्ने भनि त्यसले हाम्रो योजनाहरुमा मदत गर्नेछ*

***नपुगेका।*** *यस्ता मानिसहरुका झुण्डहरु जससित पर्याप्त ईसाईहरु अनि मण्डलीहरु नै छैनन् जसले आफ्नै मानिसहरुलाई सुसमाचार दिन अन्य ईसाईहरुको सहयोग बिना गर्ननै सकदैनन्।*

**फसलको मैदान।** *नपुगेका स्थानहरुको नाउँ अनि त्यहाँ बसोबासो गर्ने मानिसहरु कहाँ नपुगेका मानिसहरुका झुण्डहरु।*

**फसलको प्रभाव।** चेलाहरु बनाउनमा मदत दिनलाई इच्छागर्नेहरु अनि मानिहरुका झुण्डमित्र मण्डली शुरुगर्ने ईसाईहरुको संख्या अनि प्रकारहरु।

**उब्जेका फसल।** *येशूमा भरोसा राख्ने अनि बप्तिस्मा लिने मानिसहरुको संख्या।*

# येशूले पावलको आँखा खोलीदिनुभयो

प्रचारको कामको निम्ति पावलको दर्शन बारे नानीहरुलाई सिकाउने



**प्रार्थनाः** "प्रिय प्रभु सबै जातीका मानिसहरुमा सुसमाचार लैजान भनि तपाईले पावललाई दर्शन दिनुभयो। हामी पनि येशूको बारेमा सबैलाई सुनाउन चाहन्छौं।"

नानीहरुले सिक्ने क्रियाकलापहरूमा कुनै एउटा चुन्नुहोस्।

सावलले येशूलाई कसरी भेटगरे त्यस कथालाई प्रेरित 22:1-22 बाट ठूला नानी वा शिक्षकले पढ़ी दिऊन वा कण्डस्थ सुनाउन्। परमेश्वरले सावललाई अरु जगहका मानिसहरुकहाँ येशुको बारेमा सुनाउन कसरी पठाउनु भयो भनि यसले दर्शाउँदछ।

कथा सुनाए पछि, यी प्रश्नहरु गर्नुहोस् अनि विश्वासीहरुलाई उत्तर दिन लागाउनुहोस्। यदि तपाईलाई दकीर पर्छ भनें। [उत्तरहरु प्रत्येक प्रश्नको पछि पाइन्छ]

1. मानिसहरुले पावलको उपदेश सुने पछि तिनीहरु किन शान्त भए? (सावलको नाम परिवर्तन पछि पावल भएको थियो।) [पद 2 मा हेर्नुहोस् तिनले तिनीहरुको भाषामा बोले।]
2. सावलले येशूलाई भेटन भन्दा अघि तिनले येशूका चेलाहरुलाई के गर्ने गर्थे? [पद 5 हेर्नुहोस्]
3. के ले सावललाई अन्धा पार्‍यो? [पद 11 हेर्नुहोस्]
4. हननीयाद्वारा परमेश्वरले सावललाई के आज्ञाहरु दिनुभयो?
5. परमेश्वरले सावललाई कहाँ पठाउनु भयो? [पद-21 हेर्नुहोस्]
6. सावल (पावल) को विशेष सेवकाईको दर्शन बारे यहूदीहरुले के सम्झे? [पद-22 हेर्नुहोस्।]

- एउटा छोटो नाटक नानीहरुले प्रस्तुत गर्नलाई मण्डलीका अगुवाहरुले प्रबन्ध मिलाउन।
- नाटक तयार पार्नलाई नानीहरुसित समय बिताउनुहोस्।
- तपाईले सबै भागहरु चलाउन पर्दैन्।
- ठूला नानीहरुले सानाहरुलाई मदत गरीदिऊन।
- ठूला नानीहरु वा प्रौढ़हरुले अभिनय गरुन जस्तैः

**कथक**, जसले कथालाई छाटकरीमा सुनाउनेछ अनि नानीहरुलाई तिनीहरुको पंक्तिहरु संझना गराउनमा मदत दिंदछ।

**सावल** (पछिको नाम पावल)

**येशूको आवाज**

**हननिया**

- साना नानीहरुले यस्ता अभिनय गरुन जस्तैः

**सावलका साथीहरु**

**यहूदी पुजारीहरु**

**यहूदी भिड़हरु (यरुशलेममा)**

**सावलको परिवर्तनको नाटक, भाग-1 (प्रेरित 9:1-11)**

**कथकः** कथाको पहिलो भाग सुनाउनुहोस् (पद 1-11) त्यसपछि भन्नोस्, "सुन्नुहोस् सावलले के भन्दछ।"

**सावलः** पुजारीहरुलाई भन्दछ, "तपाईहरु शासन चलाउने पुजारीहरु हुनुहुन्छ। मलाई यस्तो एउटा पुर्जी दिनुहोस् जसमा कि म दमीशकमा येशूका चेलाहरुलाई पक्रन सकूँ। मैंले यस्तो गरेको परमेश्वर चाहनुहुन्छ।"

**सावल अनि तिनका साथीहरुः** अघाड़ी बड़दछ। अचानक सावलले उसको आँखा छोप्छ, कराउँछ अनि भूईमा लड़दछ।

**येशुको आवाज (जोड़सित):** "सावल! सावल! म येशू हूँ जसलाई तिमीले सताईरहेछौ।"

**साथीहरुः** सावललाई हातले पक्रेर डोर्‍याउ। भन, "ज्योतीले तिनलाई अन्धा पार्‍यो!

**नाटक भाग-2 (प्रेरित 9:12-21)**

**कथकः** कथाको दोस्रो भाग सुनाउनुहोस्, पदहरु 12-21, त्यसपछि भन, "सुन्नुहोस् हननियाले के भन्दछ।"

**हननियाः** "सावल! परमेश्वरले मलाई तिम्रो निम्ति प्रार्थना गर्नलाई पठाउनु भएको छ। तिम्रो ज्योती लेउ! तिमी अ यहूदीहरुको निम्ति गवाही हुनेछौ। उठ अनि बप्तिस्मा लेओ।"

**सावलः** "अहो! अब म देख्न सक्छु। मेरो शारीरिक अनि आत्मिक दुवै आखाहरु उघ्रिए। म थाहा गर्न सकछु कि परमेश्वरले मलाई येशूको बारेमा शुभसमाचार सबैकहाँ पुरयाएको चाहनु हुन्छ!"

**यहूदी भिड़हरुः** (रिसले कराउ) "यो धोखेबाज देखि अलग बस।" "यसले अन्यजातीहरुलाई मदत गर्नचाहन्छ जो हाम्रो शत्रुहरु हुन्।"

**कथक वा ठूला नानीः** सहयोग दिने सबैलाई धन्यबाद दिनुहोस्। यदि नानीहरुले यो नाटक प्रौढ़हरुको निम्ति गर्ददन् भने, तिनीहरुलाई प्रौढ़हरुको निम्ति एउटै प्रश्नहरु सोध्न लाउनुहोस्, जो यो अध्ययनको माथि सुचीत गरिएको छ।



पावल तिरस्कृत भएता पनि तिनले येशूको बारेमा मानिसहरुलाई सुनाउनलाई तिनको दर्शनलाई कसरी पालन गरे छल-फल गर्नुहोस्ः नानीहरुलाई सोघ्नु होस्ः "मानिसहरुले कुन तरीकाले हामीलाई परमेश्वरको आज्ञा पालन गर्न देखि प्रतिबन्ध लगाउने प्रयास गर्दछन्? नानीहरुलाई उदाहरण दिन लगाउनुहोस्।"

एउटा पृथ्बीको चित्र बनाउनु होस्। नानीहरुले यसलाई नकल गरुन्। तिनीहरुले यी चित्रलाई अर्को उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन अनि बुझाउन लगाउनुहोस् कि परमेश्वरले संसारका मानिसहरुलाई कति प्रेम गर्नुहुन्छ।

- अरु मानिसहरुको खाँचो देख्न पवित्र आत्माले हाम्रा आँखाहरु खोली दिनुहुन्छ, जसरी उहाँले सावलको आँखा खोलीदिनु भयो।

**पावल-तिमोथी बालकहरुको अध्ययन दूतमण्डलहरु भी. 1 बी.**

- अन्य जगहहरुका मण्डली शुरुगर्नको निम्ति येशूले हामीलाई दर्शन दिऊन जसरी उहाँले सावललाई यो दर्शन दिनुभयो।

प्रेरित 1:8 कण्ठस्थ पार्नुहोस्।

प्रेरित 1:8 को चार स्थानहरुलाई हामीले प्रयोग गर्न सकछौ जसै येशूले हामीलाई उहाँको बारेमा मानिसहरुलाई बताउनलाई जानु भन्नुहुन्छ।

यी चार जगहरुको उदाहरण नानीहरुलाई दिन लगाउनुहोस्ः

1. यरुशलेमले हामी बसेको समाजसित मेल खाँदछ।
2. यहूदा नजीकमा भएका अरू समाजहरुसित मेल खाँन्छन्।
3. सामरीया छेउका समाजहरु विभिन्न संस्कृतिभएकाहरुसित मेल खाँदछन्।
4. पृथ्वीको अन्तसम्म टाड़ाका मानिसहरुसित मेल खाँदछन्।

**कविताः** तीन नानीहरु प्रत्येकलाई एक-एक पद गरी हितोपदेश 3:13-15 बाट पाठ गर्न लगाउनुहोस्।

हप्ताको विषयमाथि ठूला नानीहरुलाई कविता, गीतहरु वा नाटक लेख्न लगाउनुहोस्।